**सैनामैना नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बुद्धनगर, रूपन्देही ।**
**५ नं. प्रदेश, नेपाल**
**आन्तरिक श्रोत उठाउने सम्बन्धी**

# दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७६।०२।२७

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ को दफा ५९ तथा सैनामैना नगरपालिकाको आर्थिक ऐन र सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था बमोजिम यस नगरपालिकाको वित्तिय अधिकार क्षेत्र अन्तर्गत देहायका हाटबजारहरुको बहाल बिटौरी शुल्क उठाउन ठेक्का बन्दीवस्त गर्नुपर्ने भएकोले आर्थिक वर्ष २०७६।०७७ का लागि तोकिएको दररेटमा हाटबजार बहाल बिटौरी शुल्क (आन्तरिक आय उठाउन) ठेक्का बोल कवोल गर्न तपसिलका शर्तको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्न इच्छुक व्यक्ति,फर्म वा संस्थाका लागि यो सूचना आव्हान गरिन्छ।

**ठेक्काको विवरण :**

**ठेक्काको नाम : हाटबजार बहाल बिटौरी (बैठकी)**

| ठेक्का नं. | हाटवजारको नाम | न्यूनतम कवोल अंक (भ्याट बाहेक) रु. | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|
| ८/२०७५/०७६ | मुर्गिया सोमवारे साप्ताहिक हाटबजार सैनामैना न.पा.-३ | ५,०९,००० | १००० फिर्ता नहुने |
| ९/२०७५/०७६ | मुर्गिया बिहीवारे साप्ताहिक हाटबजार सैनामैना न.पा.-३ | ३,०४,८०० | १००० फिर्ता नहुने |
| १०/२०७५/०७६ | कलौनी शुक्रवारे साप्ताहिक हाटबजार सैनामैना न.पा.-६ | ४,७५,००० | १००० फिर्ता नहुने |
| ११/२०७५/०७६ | सालझण्डी मंगलवारे साप्ताहिक हाटबजार सैनामैना न.पा.-१० | ३,६५,००० | १००० फिर्ता नहुने |
| १२/२०७५/०७६ | सालझण्डी बिहीवारे साप्ताहिक हाटबजार सैनामैना न.पा.-१० | ५१,२०० | १००० फिर्ता नहुने |

**ठेक्काका शर्तहरू :**

१. ठेक्का अवधि २०७६ सालको श्रावण १ गते देखि २०७७ साल असार मसान्त सम्म रहने छ।
२. माथि उल्लेखित प्रत्येक बजारको लागि छुट्टाछुट्टै दरभाउ पत्र पेश गर्नु पर्नेछ र दरभाउ पत्र दस्तुर प्रत्येक बजारको लागि छुट्टाछुट्टै लाग्ने छ।
३. ठेक्काको दरभाउपत्र खरिद बापत लाग्ने दस्तुर नगदै वा कृषि विकास बैंक, पर्रोहा शाखामा यस कार्यालयको हि.नं. ०४१४२०११४९२१००१३ मा जम्मा गरेको बैंक भौचर, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि सहितको निवेदन पेश गरी यस कार्यालयवाट खरिद गर्न सकिनेछ। साथै एउटा फर्म वा व्यक्तिले खरिद गरेको दरभाउपत्र अर्को फर्म वा व्यक्तिले पेश गर्न पाइने छैन।
४. माथि उल्लेखित ठेक्काको कबोल अंकको थप मुल्य अभिवृद्धि कर १३% (प्रतिशत) राजश्व ठेक्का लिने व्यक्ति,फर्म र संस्थाले सम्वन्धीत आन्तरिक राजश्व कार्यालयमा बुझाई सोको प्रमाण यस कार्यालयमा पेश गर्नु पर्ने छ।
५. ठेक्काको दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र खरिद गरी १६ दिनको १२.०० बजेसम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ र सोही दिनको २.०० बजे दरभाउ पत्र खोलिनेछ। प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। दरभाउपत्र खरिद गर्न, दर्ता गर्ने तथा खोल्ने मितिमा विदा परेमा सो कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुने छ।
६. न्यूनतम ठेक्का अंक भन्दा घटी कवोल गरेको, म्याद नाघेको रित नपुगेको कुनै शर्त राखि पेश भएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।
७. दरभाउपत्र दिदा आफुले कवोल गरेको अंकको ५ प्रतिशतका दरले हुने धरौटी रकम यस कार्यालयको नाममा कृषि विकास बैंक पर्रोहा शाखामा रहेको धरौटी खाता हि.नं. ०४१४२०११४९२४४०१५ मा जम्मा गरी सोको सक्कल भौचर वा बैंकले जारी गरेको सो रकम बरावरको बैंक जमानत दरभाउपत्र साथ राखि यस कार्यालयमा बुझाउनु पर्ने छ।
८. दरभाउपत्र दाताले खाम बाहिर पट्टी ठेक्का नम्वर र ठेक्काको विवरण र नाम स्पष्ट बुझिने गरी लेख्नु पर्ने छ।
९. कबोल रकम अंक र अक्षरमा स्पष्ट गरि तोकिएको हुनु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ।
१०. दरभाउपत्र दर्ता गराई सकेपछि संशोधन गर्न पाइने छैन।
११. एउटा व्यक्ति, फर्म वा संस्थाको नामवाट माथि उल्लेखित प्रत्येक हाटबजारको नामबाट एउटा मात्र दरभाउपत्र खरिद गर्न सकिने छ।
१२. प्रकाशित सूचना बमोजिम दर्ता भएका कुनै वा सबै दरभाउपत्र यस कार्यालयले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सकिने छ।
१३. दरभाउपत्रदाताले ठेक्का सम्झौता गर्दा प्रथम किस्ता कवोल अंकको ४० प्रतिशतले हुन आउने रकम बैंक दाखिला गरी सोको भौचर यस कार्यालयमा जम्मा गरी बाँकी रकम ६० प्रतिशत रकम बरावरको ठेक्का सम्झौता अवधिसम्मको बैंक जमानत (कार्य सम्पादन जमानत) पेश गरी सकेपछि मात्र सम्झौता गरिनेछ। दोस्रो किस्ता बाँकी रकमको ४० प्रतिशत २०७६ कार्तिक मसान्तसम्मा र तेस्रो वा अन्तिम किस्ता वापतको २० प्रतिशत रकम २०७६ फाल्गुण मसान्तसम्ममा जम्मा गरि सक्नु पर्नेछ र सम्झौता गर्नुभन्दा पूर्व अग्रिम एकमुष्ट नगद रकम बुझाएमा १० (दश) प्रतिशत छुट दिइने छ।
१४. उल्लेखित हाटबजारबाट निस्किएको फोहारमैलाको व्यवस्थापन स्वीकृत दरभाउपत्रदाताले स्वयमले गर्नु पर्ने छ।
१५. ठेक्कामा कुनै विवाद आएमा सैनामैना नगरपालिकाको निर्णय अन्तिम हुने छ।
१६. ठेक्का कवोल गर्ने ठेकेदारले सैनामैना नगरपालिकाले तोकेको कर उठाउदा प्रयोग गर्ने बिक्री तथा निकासी तर्फका रसिदहरु ठेकेदारले आफनो तर्फबाट छपाई गरि रसिदहरु यस कार्यालयबाट प्रमाणीत गराई प्रयोग गर्नुपर्ने छ। प्रमाणीत नगरेको रसिदबाट शुल्क उठाएको पाइएमा नियामानुसार कारबाही हुने छ।
१७. माथि शर्त नं. १५ मा उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम बिक्री तथा निकासी आय खातामा मु.अ.करको हिसाव निकाल्नको लागि रसिद नं.को क्रम अनुसार लेखाङ्कन गरि खाता र रसिद अर्ध वार्षिक रुपमा यस न.पा.मा बुझाउनु पर्ने छ।
१८. ठेक्का सम्वन्धी बहाल बिटौरी शल्कको दररेट तथा ठेक्का सम्वन्धी विस्तृत जानकारी कार्यालयबाट प्राप्त गर्न सकिनेछ र अन्य कुराहरु प्रचलित ऐन, नियम तथा दरभाउपत्र कागजातमा उल्लेख भए अनुसार हुने छ।